मिति : २०७७/०३/३० गते

प्रस्तावहरु

१) विपद्बाट भएको क्षेतीको दुख व्यक्त गर्ने सम्बन्धमा ।

२) विद्युत, खानेपानी र संचार संरचना सुचारु गर्ने सम्बन्धमा ।

३) अवरुद्ध सडक खुलाउने सम्बन्धमा ।

४) राहात सम्बन्धमा ।

५) वस्ती स्थान्तरण सम्बन्धमा ।

६) खर्च भुक्तानी सम्बन्धमा ।

निर्णय नं १ :

प्रस्ताव नं १ उपर छलफल गर्दा मिति २०७७/०३/२९ गते राती देखि बिहानसम्म परेको अविरल वर्षको कारणले आएको बाढी पहिरोबाट यस मध्यनेपाल नगरपालिकाको विभिन्न वडामा अकल्पनिय क्षति गरेकोले उक्त क्षति प्रति दुख व्यक्त गर्ने निर्णय गरियो ।

निर्णय नं २ :

प्रस्ताव नं २ उपर छलफल गर्दा अविरल वर्षाको कारणले आएको बाढी पहिरो बाट क्षतिग्रस्त भएका कारणले अवरुद्ध भएका विद्युत, खानेपानी र संचारका संरचनाहरु सम्बन्धित निकायसँग समन्वय गरी सुचारु गराउन पहल गर्ने निर्णय गरियो ।

निर्णय नं ३ :

प्रस्ताव नं ३ उपर छलफल गर्दा अविरल वर्षको कारण आएको बाढी पहिरोबाट अवरुद्ध भएका नगरपालिकाको केन्द्र सम्म आवागमन गर्ने सबै बाटोहरु खुलाउने निर्णय गरियो ।

निर्णय नं ४ :

प्रस्ताव नं ४ उपर छलफल गर्दा बाढी पहिरोको कारण आ-आफ्नो घरमा बस्न नहुने अवस्था सिर्जना भई अन्यत्र बसिरहेका व्यक्ति तथा परिवारको लागि तत्काल खाने र कपडाको व्यवस्था गर्ने तथा निजहरुको तथ्याङ्क संकलन गरी प्रति परिवार नगद राहत स्वरुप रु ५०००/- नगद उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ५ :

प्रस्ताव नं ५ उपर छलफल गर्दा पहिरोको कारण गाँउमा बस्न नहुने अवस्थाका घर परिवारको तथ्याङ्क संकलन गरी त्यस्ता घरपरिवारलाई उचित स्थानको पहिचान गरी बस्ती स्थान्तरण गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं ६ :

प्रस्ताव नं ६ उपर छलफल गर्दा राहत वितरण, पिडितलाई खाने, बस्ने व्यवस्था र विपद् व्यवस्थापनका अन्य कार्य गर्दा हुने खर्चको भुक्तानी विपद् व्यवस्थापन कोषबाट गर्ने निर्णय गरियो ।